STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

लिंग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २७ गते मंगलबार ❑ 11 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## राष्ट्रिय खेल भलिबलको विकासका लागि सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राष्ट्रिय खेल भलिबलको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

टाइगर ग्रुप अफ पोखराको आयोजनामा सोमबारदेखि पोखरामा सुरु भएको 'दोस्रो टाइगर कप आमन्त्रित' क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश र राजधानी सहर पोखरालाई खेलकुदको 'हब' का रूपमा विकास गर्ने प्रमुख लक्ष्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "गण्डकी प्रदेशलाई विभिन्न विधाको केन्द्र रूपमा विकसित गर्ने लक्ष्य छ। प्रमुख लक्ष्य पोखरालाई अन्तर्राष्ट्रिय रूपमा खेल केन्द्रका रूपमा अगाडि बढाउन चाहन्छौं ।" मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशमा राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ भलिबल प्रतियोगिता आयोजना गरेकामा आयोजकलाई धन्यवाद दिनुभयो। प्रदेश सरकारले आफ्नो क्षमताअनुसार खेलाडीलाई सुविधा उपलब्ध गराउने र रङ्गशालाको स्तरोन्नतिका लागि काम गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो।

नेपाल भलिबल सङ्घका केन्द्रीय उपाध्यक्ष निरोज मास्केले सरकारले खेलाडी तथा खेल पूर्वाधारका क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने बताउनुभयो। पोखरा रङ्गशालामा भइरहेको भलिबल प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा पुरुषतर्फ साविक विजेता गण्डकी प्रदेशले सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई सोझो सेटमा पराजित गर्‍यो।

गण्डकीले सो खेल २५-१७, २५-२२ र २५-१७ अङ्कले जित्यो। पुरुषतर्फको अर्को खेलमा नेपाल पुलिस क्लबले हेल्प नेपाल स्पोर्टस क्लबलाई पराजित गर्‍यो। यस्तै महिलातर्फ एपिएफले नेपाल पुलिस क्लबलाई ३-१ सेटले पराजित गर्‍यो। दुई सेट २६-२४ र २५-१८ अङ्कले जितेपनि एफिएफले तेस्रो सेट २३-२५ अङ्कले गुमायो। चौथो सेट एपिएफले २५-२३ अङ्कले जित्यो। महिलातर्फकै अर्को खेलमा होङ्गजी न्यू डायमण्डले त्रिभुवन आर्मीलाई २५-१७, २५-२३, १३-२५ र २५-१७ अङ्कले पराजित गर्‍यो।

आगामी माघ १ गतेसम्म चल्ने उक्त प्रतियोगितामा महिला र पुरुषतर्फ पाँच पाँच टोली सहभागि छन् । महिलातर्फ नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, न्यू डायमण्ड र आयोजक संस्था टाइगर ग्रुप अफ पोखरा तथा पुरुषतर्फ आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, टिपटप हेल्पलाइन स्पोर्टस क्लब र गण्डकी प्रदेश सहभागी रहेको आयोजक संस्थाका अध्यक्ष नारायण शर्माले जानकारी दिनुभयो। दुवै विधाका विजेतालाई रु तीन/तीन लाख, उपविजेतालाई रु एक लाख ५० हजार, तृतीय हुने टोलीलाई रु ७५ हजार तथा सान्त्वना स्थान प्राप्त गर्ने महिला/पुरुष टोलीलाई रु २५/२५ हजार प्रदान गरिने छ भने हरेक विधाका उत्कृष्ट खेलाडीलाई जनही रु १० हजार पुरस्कार प्रदान गरिनेछ।


## एक हजार ४४६ जनामा कोरोना संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार ४४६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सो अवधिमा ११ हजार ४२९ जनाको कोरोना परीक्षण गरिएको थियो।

आठ हजार ९६५ जनाको पीसीआर र दुई हजार ४६४ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यस अवधिमा २५५ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख १४ हजार ४८५ पुगेको छ। निको हुनेदर ९७ दशमलव सात प्रतिशत छ । नेपालमा पीसीआर विधिबाट परीक्षण गर्दा आठ लाख ३३ हजार ९४६ र एन्टीजेन विधिबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶




## प्राविधिक सहित वातावरणीय हिसावले सोच्नु पर्ने समय आएको छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नयाँ नेपाल निर्माण गर्न प्राविधिक सहित वातावरणीय हिसावले अब सोच्नु पर्ने समय आएको बताउनु भएको छ।

एकीकृत प्रगतीशिल इन्जिनियर समुहको चुनावी सभा तथा उम्मेदवार परिचयात्मक कार्यक्रममा सोमबार सम्बोधन गर्दै मन्त्री बरालले नयाँ नेपाल निर्माण गर्न दक्ष प्राविधिक सहितको वातावरणीय हिसावले समेत सोच्नुपर्ने समय आएको बताउनु भएको हो । देशमा प्रगतीशिल इन्जिनीयरहरु खाँचो भएको बताउदै उहाँले नयाँ नेपाल निर्माण गर्ने बिषयमा अब पूर्वाधार सहित वातावरणलाई समेत मध्यनजर गर्नुपर्नेमा जोड दिनु भयो । मन्त्री बरालले देशमा जलवायु परिवर्तनले गर्दा पनि वातावरण विस्तारै परिवर्तन हुदै गएकोले त्यसको सन्तुलन कायम गर्दै भौतिक विकास र देशको समृद्धि गर्न आवश्यक भएको बताउनु भयो । विभिन्न क्षेत्रमा विज्ञेता हासिल गरेका व्यक्तिहरुको देशमा खाँचो भएको बताउदै मन्त्री बरालले गठबन्दन भएको हिसावले इन्जिनीयर एशोसियसनको आगामी निर्वाचनमा जित सुनिश्चत गर्न आग्रह गर्नु भयो। निर्वाचनमा जे पनि हुन सक्ने बताउदै मन्त्री बरालले थप सचेतना अपनाउन समेत प्रत्यासी उमेदवारलाई सुझाव दिनु भयो। गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला रुपकले देशमा समृद्धि सहित गुणस्तरिय विकासका लागि दक्ष इन्जिनीयरहरुको खाँचो भएको बताउनु भयो।

समुन्नत नेपाल बनाउन घोषणा पत्रमा उल्लेख भएका कुरा पालना गरे करिब तीन पुस्ता समायोजन भएको उमेदवारका प्रत्यासिहरुको जित सुनिश्चित भएको दाबी गर्नू भयो। नेकपा एकिकृत मसाजबादी कास्कीका सहसचिव पूर्ण लामाले प्रगतीशिल बिचार र कार्य विना देशमा आर्थिक विकास र समृद्धि हासिल गर्न नसकिने दाबी गर्नु भयो। केन्द्रिय सभापतिका प्रत्यासि उमेदवार ई.डा.हरिराम पराजुलीले एशोसियसनले इन्जिनीयरहरुको हकहितमा काम गर्न नसक्दा १५ हजार भन्दा कम तलवमा काम गर्न बाध्य हुनु परेको गुनासो गर्नु भयो । देशको विकास र समृद्धि गराउने गरी द्रुत गतिमा काम गर्दा प्रत्येक वडामा ३ जना इन्जिनीयरहरु खाँचो हुने उहाँको दाबी छ। देशमा हाल करिब ६५ हजार इंन्जिनीयरहरु भएको पराजुलीले बताउनु भयो । गण्डकी प्रदेशका अध्यक्षका प्रत्यासी ई.डा.गोविन्द प्रसाद लामिछानेले आफुहरु प्रगतीशिल पार्टी निकट संगठनको गठबन्दन भएकोले जित प्रायः सुनिश्चित भएको दाबी गर्नू भयो । नेपाल इन्जिनीयर्स एशोसियसनको आगामी माघ ७ गते हुने ३३ औं केन्द्रिय कार्यकारिणी समिति र प्रदेशको दोश्रो कार्यकारी समितिको निर्वाचनको मिति तय भए पनि कोरोनाको तेश्रो लहरका कारण के हुन्छ भन्ने बिषयमा हाल अन्यौल भएको छ। उक्त समुहको निर्वाचन परिचालन समिति, गण्डकी प्रदेशका संयोजक विकास वाग्लेको अध्यक्षतामा उक्त कार्यक्रम भएको सचिव अनिस ढकालले बताए।

## समृद्धि र विकासका लागि फरक सोच आवश्यक छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ पुस**

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले देशको समृद्धि र विकासका लागि फरक सोच आवश्यक रहेको बताउनुभएको छ।

स्याङ्जाको चापाकोट नगरपालिका-९ सुन्तलीटारस्थित बिपीचोक-पाकरी जोड्ने सडकको आज उद्घाटन गर्दै उपसभापति गुरुङले अहिलेको सोचबाट केहीमाथि उठेर फरक सोचका साथ अगाडि नबढ्दासम्म समृद्धि र विकास सम्भव नभएको उल्लेख गर्नुभयो । "योजना बनाउँदा ठूला र दीर्घकालीन महत्वका बनाउनु आवश्यक छ", उहाँले भन्नुभयो, "त्यसका लागि अहिलेको सोच र दृष्टिकोणमा परिवर्तन आवश्यक छ, चेतनाको विकास आवश्यक छ।"

देशको परिवर्तनका लागि विकासमा राजनीति होइन राजनीतिभन्दा माथि उठेर अगाडि बढ्न सक्नुपर्ने उहाँको भनाइ थियो।

कांग्रेसले नेतृत्व गरेको सरकारले ठूला भ्रष्टाचारका मुद्दाको छानबिन गर्नुपर्ने भन्दै उहाँले दोषी ठहरिएमा जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याइनुपर्नेमा जोड दिनुभयो। "भ्रष्टाचार विरुद्ध लडे मात्रै जनताले फेरि कांग्रेसलाई रोज्छन्", उहाँले भन्नुभयो, "होइन भने जनताले पार्टीप्रति गरेको विश्वास हराउँदै जानेछ।" कार्यक्रममा कांग्रेस स्याङ्जाका सभापति राजु थापा, कांग्रेस गण्डकी प्रदेश उपसभापति एवं वालिङ नगरपालिकाका उपप्रमुख कल्पना तिवारी, कांग्रेस क्षेत्रीय सभापति एवं वालिङ नगरप्रमुख दिलीपप्रताप खाँण, चापाकोट नगरपालिकाका प्रमुख शिवकुमार गिरीलगायतले विकास निर्माण गर्दा राजनीतिभन्दा माथि उठेर अगाडि बढाउनुपर्नेमा जोड दिएका थिए।



# माछापुच्छ्रे गाउँपालिकाका महिलालाई "ड्राइभिङ तालिम"

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

माछापुच्छ्रे गाउँपालिकाले महिलालाई सशक्तिकरण गराउन सवारी चालकको तालिम सञ्चालन गरेको छ।



उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम अन्तर्गत महिलालाई व्यवसायिक रुपमा चालक बनाउने उद्देश्य अनुरुप १८ जना महिलालाई एक महिने हलुका चारपाङ्ग्रे सवारी साधन चालकको लागि तालिम सञ्चालन गरेको माछापुच्छे गाँउपालिकाका उपाध्यक्ष कृष्णकुमारी दवाडीले जानकारी दिनुभयो । "हामीले महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छौं । चालक तालिम पनि यसै अन्तर्गत शुरु गरेका हौ ।" दवाडीले भन्नुभयो। महिलालाई परम्परागत सीप भन्दा अलि फरक प्रविधि र विकाससँग जोडेर महिला सशक्तिकरणका लागि तालिम दिएको उहाँको भनाई छ। तालिम विलासिताको लागि नभइ व्यवसायिक चालक बन्न प्रेरित गर्ने उद्देश्यले सञ्चालन गरेको यो तालिमले विस्तारै चालक पेशा महिलालाई प्रेरित अपेक्षा गाउँपालिकाको रहेको छ। दवाडीका अनुसार आर्थिक वर्ष २०७९/ ८० को महिला लक्षित कार्यक्रम अन्तर्गत पहिलो चरणमा उक्त तालिम सञ्चालन गरिएको हो । गाँउपालिकाले २५ वर्षदेखी ४० वर्ष उमेर समुहका एकल, दलित र विपन्न महिलालाई लक्षित गरेर आवेदन माग गरेको थियो। जसमा ६३ जना आकांक्षीले फर्म भरेका थिए भने १८ जना छनोट गरी तालिम प्रदान गरिएको हो। गाउँपालिकाले यसअघि महिलालाई निजामति सेवा प्रवेशका लागि लोकसेवा तयारीको कक्षा समेत सञ्चालन गरेको थियो । त्यसैगरी महिल सीपसँग जोडेर महिला उद्यमी समुह समेत गठन गरेको छ । स्थानीय उत्पादनलाई बजारीकरण गर्दै आर्थिक सशक्तिकरण गर्न गाउँपालिका र समुदायसँग मिलेर कोशेली घर निर्माणको कार्य पनि थालनी गरेको छ भने महिलाहरुकोलागि उच्च शिक्षा स्नातक तह छात्रवृद्धि सहयोग कार्यक्रम पनि लागू गरि सुचना प्रकाशन गरेको दवाडीले जानकारी दिनुभयो।

उहाँका अनुसार गाउँपालिकाको ५८ करोड बजेटमा विकास बजेट १० करोड छ। त्यसमा महिला तथा बालबालिकाको लागि २४ लाख रकम छुटटाइएको छ।

# माक्स खोई अभियानमा तुल्सीघाट प्रहरी

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखरा ९ तुल्सीघाट स्थित अस्थायी प्रहरी विटका प्रहरी तथा समाजसेवीहरुको सहयोगमा १५ सय माक्स वितरण गरिएको छ।



सोमबार विहान ६ वजेदेखि नै तुल्सीघाटमा रहेको पक्कि पुलमा आउने तथा जाने सवारी साधनहरुमा चालक तथा यात्रुहरु, विद्यार्थीहरु, सर्वसाधारण पैदल यात्रुहरुलाई विटमा कार्यरत प्रहरी हवल्दार जनक धामीको नेतृत्वमा प्रहरी जवानहरुले माक्स वितरण गरेका थिए। दैनिक कोरोनाको नयाँ प्रजाती ओमीक्रोनको प्रकोप वद्दै गएकोले माक्स अनिवार्य गराउन तथा जनचेतनाको लागि अभियान थालिएको सामुदायिक प्रहरी सेवा तथा सामुदायिक सेवा केन्द्र पृथ्वीचोकका सचिव उत्तम जोशीले वताए।

पोखरा महानगर शहरी स्वास्थ शाखा पोखरा ९ को विषेश सहयोग तथा सामुदायिक सेवा तथा सामुदायीक प्रहरी सेवा केन्द्र पृथ्वीचोक आयोजनामो सो अभियान गरिएको थियो।

# विश्व कृतिमानी बाल प्रतिभा जोजिजु सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

दुई बर्ष उमेरमा साङ्गीतिक क्षेत्रमा ड्रमसेट सार्बजनिक रूपमा बजाएर बिश्व कृतिमान कायम गर्न सफल भएका पोखराका बाल प्रतिभा उत्प्रेम जोजिजु सम्मानित हुनु भएको छ। पोखरामा रहेको नेवाः खल नेवा मिस पुचःले मरी घ्यू चाकु सल्हु महोत्सव तथा नेवारी सांस्कृतिक कार्यक्रम २०७८ को अवसरमा बिश्व कृतिमान एवं बालप्रतिभा जोजिजूलाई सम्मान गरेको हो।



नेपाल सहित आफ्नो समुदायको नाम बिश्व सामु चिनाउन सफल भएकोमा पुंचःले उहाँलाई हालै एक समारोहका बिच सम्मान गरेको हो। कार्यक्रमका प्रमुख अतिथि नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखे, विशेष अतिथि नेवाः मिसा पुचः कास्कीका अध्यक्ष मेनुका श्रेष्ठ, पृथ्वीचोक मिसाः पुचः पृथ्वीचोकका अध्यक्ष प्रमिला श्रेष्ठ जोशीले अबिर खादा टीका दोसल्ला ओढाइ जोजिजूलाई सम्मान पत्र प्रदान गरि सम्मान गरेका हुन्।

यसैबिच हालै सम्पन्न एक समारोहमा समाजसेवी वृद्ध आमा बिष्णु माया श्रेष्ठलाई सामाजिक योगदान कदर स्वरुप दोसल्ला तथा सम्मान पत्र प्रदान गरी सम्मान गरेको थियो।

सोही अबसरमा जोजिजु म्युजिक सेन्टर एन्ड म्युजिक स्कुलको दुई दशक देखीको साङ्गीतिक योगदान तथा सो स्कुलको संचालक एबम गायक एबम सङ्गीतकर्मी बिनित जोजिजु र सानू जोजिजु लाई कार्यक्रम सफल पार्न सङ्गीतको माध्यम बाट महत्वपूर्ण भुमिकाको कदर स्वरुप मिसाः पुचः पृथ्वीचोकका अध्यक्ष प्रमिला श्रेष्ठ जोशी तथा सस्थापक अध्यक्ष रेबिका श्रेष्ठले खादा तथा सम्मान पत्र प्रदान गरी सम्मान गर्नु भएको थियो। सोही अबसरमा संस्था आजिबन सदस्य कलाकार निर्मला पालिखे, नेवाः ल्याम्ह पुचः कास्कीका संस्थापक अध्यक्ष राम बहादुर रजक नेवाः कचा खलः पृथ्वीचोकका अध्यक्ष केदार प्रसाद श्रेष्ठ लगायत लाई प्रसंशा पत्र प्रदान गरिएको थियो । कार्यक्रममा नेवारी परिकार खानेको साथै नेवारी सर समान बिक्रि बितरण समेत गरिएको थियो।

सो कार्यक्रममा नेवारी गीत, नेवारी नाच, लाखे, तायाः मचाः, कुमारी नृत्य, बज्र योगीनी नृत्य, पाँच वर्षिय बाल प्रतिभा उत्प्रेरणा बिश्व कृतिमानी बाल प्रतिभा उत्प्रेम भोइलिनमा सानू नेवारी गीत बिनित जोजिजुले प्रस्तुती गरेको कार्यक्रम म्युजिक स्कुलको नब कलाकारहरुले गायन बादन नृत्य गरि मनोरञ्जन प्रदान गरिएको आयोजकले जनाएको छ । साथै उक्त कार्यक्रम संचालन रोमा रजक, सेलिका श्रेष्ठले गर्नु भएको थियो।

# आहा ! रारा गोल्डकप फुटबलको २० औँ संस्करण माघ पहिलो साता

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

मोफसलको प्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिताको २० औं संस्करण आगामी माघ ६ देखि १५ गतेसम्म पोखरा रङ्गशालामा हुने भएको छ।

'खेलकुद विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन सहरका रुपमा स्थापित गरौं' भन्ने उद्देश्यका साथ सहारा क्लब पोखराद्वारा आयोजित सो प्रतियोगितामा नेपालका 'ए' डिभिजन क्लब, आयोजक सहारा र एक विदेशीसहित १० टोलीको सहभागिता रहने आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

प्रतियोगितामा नेपालका 'ए डिभिजन क्लब' सङ्कटा फुटबल क्लब, मछिन्द्र क्लब, मनाङ मर्स्याङ्दी क्लब, नेपाल पुलिस क्लब, हिमालयन शेर्पा क्लब, रुस्लान थ्रिस्टार क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल एपिएफ क्लब, विवाइएससी मिनेसोटा अमेरिका र सहारा क्लब पोखराको सहभागिता रहने क्लबका अध्यक्ष हरिराम गुरुङले जानकारी दिनुभयो।

अघिल्लो संस्करण नेपालको ए डिभिजन क्लब सङ्कटाले उपाधि जितेको थियो भने उपविजेता अफ्रिकन रुट एसोसिएसन डाउल्ला, क्यामरुन रहेको थियो। विसं २०५५ मा स्थापना भएको सहारा क्लबले आयोजना गर्ने यो प्रतियोगितालाई पोखराको पर्यायवाचीका रुपमा लिने गरिन्छ। यस प्रतियोगितालाई पहिलो संस्करणदेखि नै मुख्य प्रायोजकका रुपमा बहुचर्चित मोफसलको व्यापारिक प्रतिष्ठान हिमश्री फुड्स प्रालीको उत्पादन आहा तथा रारा तयारी चाउचाउले गरेको छ । प्रतियोगितामा कूल अनुमानित आम्दानी रु एक करोड ३६ लाख एक हजार र अनुमानित खर्च रु एक करोड छ लाख ४८ हजार ५०० रहेको क्लबले जनाएको छ। क्याराभान गोल्ड कपसहित यो प्रतियोगिता २१ वर्षदेखि निरन्तर सञ्चालित छ । प्रतियोगिताबाट बचत रकम क्लबद्वारा सञ्चालित 'सूर्यबहादुर केसी' स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिँदै आएको क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिनुभयो। हाल तेस्रो व्याचका रुपमा सो एकेडेमीमा १४ जिल्लाका २४ बालक आश्रित छन् । विसं २०६१ देखि आश्रित बालकको भरणपोषण आवासीयरुपमा निःशुल्क स्वास्थ्य, शिक्षालगायत फुटबल प्रशिक्षणलगायतका कार्य क्लबले गर्दै आएको छ। एकेडेमीको सञ्चालनको मुख्य स्रोत नै प्रतियोगिता रहेको छ।

गत वर्ष सम्पन्न प्रतियोगिताबाट कूल आम्दानी रु ७६ लाख ५० हजार ६४७ र खर्च रु ६३ लाख एक हजार १९९ भएको तथा रु १३ लाख ४९ हजार ४४७ बचत भएको कार्यक्रममा जानकारी दिइएको थियो।

# पोखरा महोत्सव स्थगित

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

युनाइटेड क्लब पोखराको आयोजनामा आगामी पुस २८ गतेदेखि माघ ९ गतेसम्म आयोजना हुने ११औं संस्करणको पोखरा महोत्सव स्थगित गरिएको छ।

नेपाल सरकारको कोभिड १९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसीसी) को बैठकले सार्वजनिक स्थलमा २५ जनाभन्दा बढी भेला हुन रोक लगाउने निर्णयलाई पूर्णरूपमा पालना गर्दै ११औं संस्करणको पोखरा महोत्सव अर्को सूचना नआइन्जेलका लागि स्थगित गरिएको हो।

क्लबका अध्यक्ष राजु श्रेष्ठद्वारा सोमबार प्रकाशित प्रेस विज्ञप्तिअनुसार स्वास्थ्य क्षेत्रमा काम गर्ने क्लबको उद्देश्यअनुरूप जनस्वास्थ्यप्रति उत्तरदायित्व वहन गर्नु सबैको कर्तव्य भएकाले महोत्सव स्थगित गरिएको जनाइएको छ । विज्ञप्तिमा भनिएको छ, "महोत्सव सफल बनाउन सहयोग गर्ने मुख्य प्रायोजक, उपप्रायोजक, प्रायोजक, सहयोगी संस्था, मिडिया, प्रवर्द्धक, जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा महानगरपालिकालगायत सहयोग गर्ने सम्पूर्णप्रति आभार प्रकट गर्दै समय अनुकूल भएपछि पुन महोत्सव सञ्चालन हुनेछ।"

# एक हजार...

परीक्षण गर्दा ९७ हजार ५०४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख ३७ हजार ५८९ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ६० हजार ८४३ पुगेको छ। कोभिड-१९ विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख १० हजार ५९४ छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ८५५ छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०६ पुगेको छ।

कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ । हाल भेन्टिलेटरमा १६, आइसियूमा ६७, होम आइसोलेशनमा सात हजार २४५, संस्थागत आइसोलेशनमा ६१० र क्वारेन्टिनमा ११३ सङ्क्रमित छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ, ललितपुर र भक्तपुर छन् भने दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन्।

सङ्क्रमित नरहेका जिल्लामा मुस्ताङ र र मुगु छन् । उपत्यकाका तीन जिल्लामध्ये काठमाडौँमा दुई हजार ६५५, ललितपुरमा नौ सय र भक्तपुरमा ६३३ सक्रिय कोरोना सङक्रमित रहेको मन्त्रालयले जनाएको छ।

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर

परीक्षण गरिने रोगहरू:
बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।
प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।
ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।
विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।- विदुरनीति

## सम्पादकीय

# एमसिसीबारे छलफल आवश्यक

सत्तारुढ गठबन्धनले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोसेशन (एमसीसी) बारे टुंगोमा पुग्न गठन गरेको कार्यदलले प्रतिवेदन बुझाएको छैन । पूर्व प्रधानमन्त्री झलनाथ खनालको संयोजकत्वमा बनेको कार्यदलले प्रतिवेदन नबुझाउँदा सत्ता गठबन्धनको धारणा आउन सकेको छैन । प्रधानमन्त्री शेर बहादुर देउवाले सत्ता गठबन्धनबाट निर्णय नगराइ विपक्षी एमाले अध्यक्ष केपी शर्मा ओलीसंग एमसिसी पास गर्न सहयोग मागेका छन । दुई वर्ष अघि सत्तारूढ नेकपामा एमसीसीबारे कार्यदल बनेको थियो । सरकार फेरिएका बेला फेरि कार्यदल बनाएर पहिल्यैको अवस्थामा पुगेको छाकार्यदलमा नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनाल, नेपाली काँग्रेसका नेता तथा सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ छन् । नेकपा सरकार भएको बेला एमसीसीका बारेमा बनेको कार्यदलको संयोजक पुर्व प्रधानमन्त्री बरिस्ठ नेता झलनाथ खनाल थिए ।

दुई वर्षपछि उनै खनाललाई संयोजक बनाउनु काम चाँडो सक्ने मेलो हो । एमसीसीबारे सर्वदलीय बैठकबाट निर्णय लिन खोज्दा सत्ता गठबन्धनका दलहरूको एकमत नदेखाएपछि समान धारणा बनाउन कार्यदल बनाउनु उल्टो बाटो हो ।प्रधानमन्त्री शेर बहादुर देउवालाई हतारो भएको छासत्ताको मुख्य साझेदार माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशनमा नकारात्मक प्रभाव नपरोस् भनेर केही दिन भुलाउने खेल हो । कार्यदलले एमालेलगायत अन्य दलहरुसँग छलफल गरेर एमसीसीबारे ठोस निष्कर्षमा पुग्ने गठबन्धनमा छलफल भएको छ । तीन सदस्यीय कार्यदलको नेतृत्व गरेका खनाल यसअघि नेकपाद्वारा गठित एमसीसी सम्बन्धी कार्यदलका समेत संयोजक थिए । खनालले एमसीसी यथास्थितिमा पारित हुन नसक्ने बताउँदै आएका छन् । त्यसैगरी कार्यदलमा रहेका माओवादी नेता श्रेष्ठ पनि एमसीसी यही अवस्थामा पारित हुन नहुने लाइनमा छन् ।

कार्यदलका सदस्य रहेका मन्त्री कार्की भने यसअघि एमसीसी सम्झौताका हस्ताक्षरकर्ता समेत हुन् सो बैठकमा काँग्रेसबाहेक सबै दलका नेताले एमसीसी यथास्थितिमा पारित हुन नसक्ने अडान राखेका थिए । सर्वदलीय बैठकमा डाकिएपनि प्रमुख प्रतिपक्षी एमाले भने अनुपस्थित रहेको थियो । गठबन्धनको बैठकले एमालेसँग समेत छलफल गर्ने जिम्मेवारी कार्यदललाई दिएको छ । सत्तारूढ गठबन्धनका माओवादी र नेकपा एस नेतृत्व भित्र सकारात्मक हुने बाहिर बिरोधमा देखिने द्वैध चरित्र देखाउँदै आएका छन । एमालेले पहिला धारणा सार्वजनिक गरिदिए हुन्थ्यो भन्ने पक्षमा छन । एमाले पनि सत्ता साझेदार माओवादी केन्द्र र नेकपा एसले धारणा सार्वजनिक गरिदिए आफ्नो धारणा बनाउने पक्षमा छ । प्रमुख दलहरू एमसीसीका पक्षमा सकारात्मक रहेका हुनासत्ताको खेलले गर्दा पहिलेको अडानमा छैनन् । राम्रो भए जस लिने बिरोध बढी देखिए पन्छिन खोज्ने प्रबृत्तिका कारण अहिको अवस्था श्रीजना भएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ३३ हजारलाई रोजगारी

**पोखरापत्र संवाददाता**
**दमौली, २६ पुस**

तनहुँमा सञ्चालित उद्योगमा करिब ३३ हजार मानिसले प्रत्यक्ष रोजगारी पाएका छन् ।

जिल्लामा सञ्चालनमा रहेका दश हजार ४२१ उद्योगमा उक्त सङ्ख्यामा मानिसले रोजगारी पाएका हुन् । तनहुँमा सञ्चालनमा रहेका उद्योगमा रु नौ अर्ब २१ करोड लगानी भएको घरेलु तथा साना उद्योग कार्यालय तनहुँका प्रमुख नारायणप्रसाद ढकालले जानकारी दिनुभयो ।

प्रत्येक उद्योगमा करिब रु दश लाखका दरले लगानी भएको तथ्याङ्क रहेको घरेलु तथा साना उद्योग कार्यालय तनहुँले जनाएको छ । तनहुँमा हालसम्म एघार हजार १६२ उद्योग दर्ता भएकामध्ये दश हजार ४२१ वटा उद्योग सञ्चालनमा छन् । चालू आवमा मात्रै एक हजार नौ उद्योग दर्ता भएका छन् । पछिल्लो समय महिलाको नाउँमा फार्म नामसारी गर्नेको सङ्ख्या ९० प्रतिशत रहेको सो कार्यालयले जनाएको छ । अहिले पनि दैनिक १५ देखि ३० जना फार्म दर्ताको लागि उक्त कार्यालयमा जाने गरेका छन् । महिलाको नाउँमा फार्म हुँदा बैंकले उद्यमी कर्जा प्रवाह गर्न थालेपछि महिलाको नाउँमा फार्म दर्ता गर्नेको सङ्ख्या बढेको छ । कृषिजन्य, पशुजन्य, फर्निचरलगायतका उद्योगको सङ्ख्या पनि बढिरहेका छन् । साना उद्योगको लागि घरेलु कार्यालयमा दर्ता गरिए पनि रु १५ करोड देखि रु ५० करोडसम्मका उद्योग विभागमै दर्ता हुने प्रावधान छ ।

घरेलु कार्यालयले अनलाइन दर्ता प्रक्रियालाईसमेत अघि बढाएको छ । तथ्याङ्क सुरक्षित राख्न डिजिटलाइजेसन गरिएको छ । उहाँले भन्नुभयो, "शुरुमा काम गर्न समय लाग्ने र झन्झटिलो जस्तो देखिएपनिपछि खोजेको समयमा सहज, छिटो र काम गर्न सजिलो हुनेछ ।"

# पर्यटकीय गाउँ बनाउन युवा कस्सिए

**पोखरापत्र संवाददाता**
**दमौली, २६ पुस**

जिल्लाको म्याग्दे गाउँपालिका-१ स्थित दभुङलाई पर्यटकीयस्थलको रुपमा विकास गर्न यहाँका युवा लागेका छन् । पर्यटकीय सम्भावना रहेको चण्डीदेवी मन्दिर, पान्धारे बाराही मन्दिरलगायतका क्षेत्रको गुरुयोजना बनाएर विकास गर्न युवा अघि बढेका हुन् । सदरमुकाम दमौलीबाट छोटो दूरीमा रहेर पनि बत्तीमुनिको अँध्यारो बनेको भन्दै युवा जागरुक बनेको चण्डीदेवी अक्षयकोष समितिका सचिव सन्तकुमार श्रेष्ठले बताउनुभयो । पान्धारे बाराही मन्दिरदेखिचण्डीमन्दिरसम्मपैदलमार्ग निर्माण गर्ने योजना अनुरुप प्रक्रियाअघि बढाइएको उहाँले बताउनुभयो । पान्धारेको पानी लिफ्टिङ गरी चण्डी मन्दिरसम्म पुऱ्याइनेछ । उहाँले भन्नुभयो, "गाउँका खोल्साखाल्सीमा रहेको झरनालाई प्रचारप्रसार गरी क्यानोनिङको रुपमा विकास गर्न लागिएको छ ।"

अटुटरुपमा बगिरहने पानीको मूल रहेकोले पशुपक्षी तथा माछापालन गरी व्यवसाय सञ्चालन गर्न सकिने पान्धारे बाराही मन्दिर संरक्षण समितिका सचिव वसन्तकुमार श्रेष्ठले बताउनुभयो ।

# बरु सडक आयो, बनेन पुल

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ पुस**

पर्वतको कुश्मा नगरपालिका-१० पिपलटारीको सिमखेत र फलेवास नगरपालिका-३ शङ्करपोखरी जोड्ने मल्याङ्दी खोलामाथि झोलुङ्गे पुल निर्माण गर्न स्थानीयवासीले माग गरेको झण्डै आधा शताब्दी बितेको छ । तरपनि अझै उनीहरुको माग पूरा हुनसकेको छैन । वर्षौंदेखि पुलको माग गर्दापनि अझै सुनुवाइ नभएको स्थानीयवासीको गुनासो छ ।

पुल नहुँदा जोखिम मोलेर स्थानीयवासी खोला वारपार गर्न बाध्य भएका छन् । गाउँनजिकैको सिसाठाँटीमा पुल बनाइदिन आग्रह गर्दै तत्कालीन अञ्चलाधीशको कार्यालय बागलुङ गएको फलेबास-३ सिमखेतका ५६ वर्षीय शालिग्राम अधिकारीलाई अझै सम्झना छ ।

"उतिबेला अहिलेको जस्तो गाडीको सुविधा थिएन", उहाँले भन्नुभयो, "बाटो खर्च बोकेर बुबा दुई दिन लगाएर बागलुङ पुगी अञ्चलाधीशको कार्यालयमा पुल बनाइदिन बिन्ती चढाएर आउनुभएको थियो, तर अहिलेसम्म पुल बनेन ।"२०३६ मा बनेको ज्ञादी सिँचाइ आयोजनाको नहर उद्घाटन गर्न आउँदा तत्कालीन राजा वीरेन्द्रले लट्ठा बोक्न सके पुलका लागि बजेट पठाउने आश्वासन दिनुभएको थियो ।


## आर पि रियल स्टेट हाउजिङ इन्भेष्टमेन्ट कं. प्रा. लि. को सूचना

**यस आर पि रियल स्टेट हाउजिङ इन्भेष्टमेण्ट क.प्रा.लि. पोखरा-१५ को स्थायी लेखा नं. ६०५९९८२२३ रहेको र २०७३ सालमा दर्ता भएको यस कम्पनीको मिति २०७८/०९/१४ गते बसेको संचालक समितिको बैठकबाट सो संस्थालाई बिघठन गरी कम्पनी रजिष्टार कार्यालयबाट नै खारेजी गरिने निर्णय भएको हुँदा सोही निर्णय अनुसार यसलाई दर्ता खारेजी प्रक्रियामा अगाडि बढाईएको छ । यदि कोही कसैले यस कम्पनीबाट लिनदिनु केही भएमा यथासिघ्र १५ दिनभित्र सम्पर्क गर्नुहोला । अन्यथा कम्पनी बन्द हुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।**

**आर पि रियल स्टेट हाउजिङ इन्भेष्टमेण्ट क. प्रा. लि.**
**पोखरा-१५, कास्की**
**सम्पर्क नं.: ९८५६०३१९९९,९८५६०२१८५९,९८५१०२१३०१**


# पेन्सन क्याम्पद्धारा रक्तदान, स्वास्थ्य शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ पुस**



भारतीय राजदुताबास पेन्सन वितरण कार्यालय पोखराले सोमबार रक्तदान एवं निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

रक्तदान कार्यक्रमको शुरुवात गर्दै भारतीय पेन्सन क्याम्पमा प्रमुख कर्णेल शशांक त्रिपाठीले भुपुहरुको सेवा साथै रचनात्मक क्रियाकलापहरुमा क्याम्प सधै सक्रिय रहने बताए ।

भारतको ७५ औं स्वतन्त्रता दिवसको सन्दर्भमा कार्यक्रम आयोजना गरिएको हो । भारतीय राजदुताबास पोखराले यस अघि अन्य विविध कार्यक्रम धेरै गरेको भए पनि रक्तदान कार्यक्रम पहिलो पटक गरिएको प्रमुख त्रिपाठीले बताए । भारतीय पेन्सन क्याम्पभित्रै आयोजना भएको कार्यक्रममा निशुल्क स्वास्थ्य परीक्षण, मुख र दाँत परीक्षण, रक्तअल्पता, क्यान्सर र स्वास्थ्य जीवनयापनको लागि जीवनशैली सम्बन्धी सचेतना कार्यक्रम समेत सञ्चालन गरेको थियो । भारतीय पेन्सन क्याम्प पोखरामा भित्र रहेका चिकित्सकहरुले बिमारीको स्वास्थ्य परीक्षण साथै बिरामीलाई आवश्यक औषधी निशुल्क वितरण गरिने गरेको थियो । कार्यक्रममा पोखरा रक्त संचार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले रक्तदानको महत्वसंगै स्वास्थ्य सचेतना गराएका थिए । रक्तदाता अभियन्ता सराङ्गकोट बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्ण बहादुर थापाले रक्तदानले समाज सेवा सगै व्यक्तिको स्वास्थ्यमा फाइदा पुऱ्याउने बताए । १११ पोइण्ट रगत संकलन गरिएको कार्यक्रममा गोर्खा कम्युनीटि ग्रुपका अध्यक्ष चोक बहादुर गुरुङ, उपाध्यक्ष दिलमाया गुरुङ, बिज्ञापन बोर्डका अधिकृत हरि नारायण गौतम, पेन्सन वितरण कार्यालयका प्रतिनिधी भरत भुषण पाण्डे, चेत बहादुर खत्री लगाएतले आ आफ्नो धारणा राखेका थिए ।

# गडहरे गुफाको भूभौतिकी सर्भे गरिने

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ पुस**

स्याङ्जाको भीरकोट नगरपालिका ८ र ९ को सीमामा अवस्थित गडहरे गुफाको दोस्रो चरणको भूभौतिकी सर्भे गरिने भएको छ ।

प्रचारप्रसारको अभावमा ओझेलमा रहेको गडहरे गुफाको विकासका लागि यसअघि गरिएको भौगर्भिक अध्ययन प्रतिवेदन सार्वजनिक गरिएसँगै अब दोस्रो चरणको भूभौतिकी सर्भे गरिने भएको हो । भीरकोट नगरपालिकाको पहल र त्रिभुवन विश्वविद्यालय भूगर्भशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा कविराज पौडेल नेतृत्वको भूगर्भविद् तथा सहायक भूगर्भविद गरी १२ जनाको टोलीले छ दिन लगाएर गत भदौमा भौगर्भिक अध्ययन गरेको थियो ।

"गुफा धेरै लामो जस्तो देखिन्छ, हामीले ६८० मिटर भित्रसम्मको प्रत्येक १०-१० मिटरको विवरण लिएका छौं", उपप्रध्यापक पौडेलले भन्नुभयो,"त्यहाँभन्दाभित्र छिर्न सकिने अवस्था देखिएन तर त्यहाँभन्दा अझैभित्रसम्म पनि गुफा फैलिएको हुनसक्छ ।"

गुफाभित्र ६८० मिटरभन्दाभित्र छिर्न नसिएकाले त्यहाँभन्दा अझैभित्रको अवस्थाकाबारेमा अध्ययन गर्नका लागि छुट्टै विधि 'भूभौतिकी सर्भे' गर्नुपर्ने देखिएको छ ।"भूभौतिकी सर्भेले गुफाभित्रको तीनवटा विषयको अध्ययन गर्न सकिन्छ", उपप्राध्यापक पौडेलले भन्नुभयो, "जमिनबाट करेन्ट पठाएर गरिने यो सर्भेले त्यहाँभन्दा अगाडि गुफा भए नभएको, गुफा र जमिनकोबीचमा अर्को गुफा भए नभएको र भूइँभन्दा तल अर्को गुफा भए नभएको पत्ता लाग्ने छ ।"

दोस्रो चरणको सर्भेका लागि नगरपालिकालाई जानकारी गराईएको र नगरपालिका सकारात्मक रहेको उपप्राध्यापक पौडेलले बताउनुभयो । पहिलो चरणको भौगर्भिक अध्ययनपश्चात गुफाको बाहिरी तथा भित्री भूवनोट, गुफाभित्रका विभिन्न आकृति, ढङ्गा खस्न सक्ने जोखिम भएनभएको, गुफाको बाहिरी भित्री संरचनाकाबारेमा प्रतिवेदन तयार पारेर सार्वजनिक गरिएको थियो । गुफाभित्र विभिन्न किसिमका आकृति मनमोहक र कलात्मक देखिएका छन् । "कुनै ठाउँमा फराकिलो कुनै ठाउँमा साँघुरो बाटोहुँदै झण्डै एक किलोमिटरभित्र पुगिसकेपछि एउटा नयाँ किसिमको झरना देखिन्छ", उपप्राध्यापक पौडेलले भन्नुभयो,"उक्त झरना त्यही गुफाभित्रै हराएको छ, यो पनि एउटा आकर्षणको रुपमा रहेको छ ।" अध्ययन टोलीले गुफाको भित्री, बाहिरी बनोट, भित्र देखिने विभिन्न किसिमका आकृति तथा संरचना, गुफाको लम्बाई, चौडाइ मापन गरेको थियो ।

गुफाभित्र र बाहिरको सम्बन्धित विषयमा भौगर्भिक अध्ययन सकिएसँगै प्राप्त भएको प्रतिवेदनबाट प्राप्त सुझावलाई नगरपालिकाको तर्फबाट कार्यान्वयनमा लगिने भीरकोटका नगर प्रमुख छायाराम खनालले बताउनुभयो ।

"नगरपालिकाले गुफाको विकासका लागि गुरुयोजना बनाएर अगाडि बढिसकेको छ", नगर प्रमुख खनालले भन्नुभयो, "अध्ययन टोलीले दिएको प्रतिवेदनका आधारमा दोस्रो चरणको सर्भे माघ महिनाभित्रै गरेर यसलाई अन्तिम चरणमा पुऱ्याउने छौं ।"

धार्मिक एवं पर्यटकीय दृष्टिले प्रचूर सम्भावना हुँदाहुँदै पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको गुफाको प्रचार प्रसारसँगसँगै पूर्वाधारको विकास गरेर यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्रकोरुपमा पहिचान दिने गरी अगाडि बढ्ने भीरकोट ९ का वडाध्यक्ष भीमबहादुर गुरुङ बताउनुहुन्छ ।

# बतासको लगानीमा निर्णय भएको छैन् : नगरप्रमुख न्यौपाने

**रासस**
**तनहुँ, २६ पुस**

व्यासनगरपालिका-५ स्थित मानुङकोट डाँडामा बताससँग सम्बन्धित कम्पनीले लगानी गर्ने विषय चर्चामा आएपनि त्यसबारेमा कुनै निर्णय नभएको नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले यस विषयमा कुनै निर्णय नगरेको जानकारी दिनुभयो । नगरपालिकाले निजी साझेदारी अवधारणाअनुरुप विभिन्न किसिमका संस्था तथा व्यक्तिसँग लगानी, विकास र यसका सम्भावना चयन गर्ने गरी काम गर्ने सम्बन्धमा गतवर्ष नै निर्णय भएको तर यही कम्पनीलाई दिने भन्ने निर्णय नभएको उहाँले बताउनुभयो ।

नगरपालिकाले छ महिनाभित्र प्रस्ताव पेश गर्न लगानीकर्तालाई आग्रह मात्रै गरेको हो । उहाँले भन्नुभयो, "मानुङकोटको पूर्वपट्टीको जग्गा व्यासहिल्सले खरिद गर्न पहल मात्रै गरेको हो ।" उक्त जग्गाको लागि लागि रु चार अर्ब प्रस्ताव पेश गरेको बताउँदै नगरपालिकाको तर्फबाट के कति दिने भन्नेबारे कुनै घोषणा र निर्णय नगरिएको उहाँले बताउनुभयो । योजना आयोगका पूर्व उपाध्यक्ष, कम्पनी ऐनका विशेषज्ञ सहितको टोली खटाएर अहिले मानुङ क्षेत्रको अध्ययन गरिरहेको नगरपालिकाले जनाएको छ । ओइलेनी जग्गा नेपाल सरकारको स्वीकृतिबिना नगरपालिकाले मात्रै दिन नमिल्ने हुँदा अध्ययन गरेर नगरपालिकाको हित कसरी हुन्छ त्यसको बारेमा अध्ययनगर्ने कार्य भइरहेको नगरप्रमुख न्यौपानेले बताउनुभयो ।

सम्बन्धित लगानीकर्तालाई प्रस्ताव पेश गर्न अनुरोध गरिएको छ । उक्त प्रस्ताव प्रस्तुत गर्ने अवसरमा पत्रकार, सरोकारवाला निकाय सबैलाई बोलाएर सार्वजनिक गराइने छ । उहाँले भन्नुभयो, "यस विषयमा नगरपालिकाको कुन कम्पनी या व्यक्तिलाई दिने भन्ने बारेमा कुनै निर्णय भएको छैन् ।"

यदि कानुनले बाधा पुग्दैन भने मानुङको विकास परियोजनामा लगानीकर्ताका रुपमा व्यासहिल्सले उक्त स्थानको वातावरण अध्ययन गर्ने कार्य गरिरहेको हुँदा उक्त कम्पनीले लगानी गर्न सक्ने उहाँले बताउनुभयो ।

# पोखरामा एकैसाथ २ वटा व्यावसायिक तालिम

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखरामा एकैसाथ २ वटा व्यावसायिक तालिम सुरु भएका छन् । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आयोजना तथा पोखरा उद्योग वाणिज्य संघको सहआयोजनामा लेखा व्यवस्थापकीय र लेबलिङ, प्याकेजिङतथाबजारीकरणसम्बन्धी २ दिने तालिम सुरु भएको हो । तालिममा लघु,घरेलु तथा साना व्यवसायीहरुलाई लक्षित लेखा तालिममा ३१ जना तथा लेबलिङ, प्याकेजिङ र बजारीकरणमा २५ जनाभन्दा बढीको सहभागिता रहेको छ ।



तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि लघु, घरेलु तथा साना उद्यो प्रवर्द्धन केन्द्रका कार्यकारी अधिकृत ऋषिराम पंगेनीले दुबै तालिम उत्पादन र उत्पादकत्व बढाउने उदेश्यमा समर्पित रहेको बताए । उद्यमशीलता बढाउन, टिकाउन र उत्पादकत्व बढाउने यो तालिम पोखराबाटै सुरु गरिएको उनले जानकारी दिए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले प्रतिस्पर्धी बजार प्रवेशको लागि आकर्षक लेबलिङ र प्याकेजिङ पहिलो सर्त भएको बताए । अहिलेको बजारमा गुणस्तरीय उत्पादनलाई उस्तै आकर्षक तरिकाले लेबलिङ र प्याकेजिङ गर्नसके त्यसले बजार बिस्तारमा सघाउने उनको धारणा थियो । 'हिजो जसरी चलेको थियो,अहिले त्यसरी चल्दैन',उनले भने,'लेखा व्यवस्थापन गर्न नसक्दा र नयाँ नीति-नियम नबुझ्दा जरिवाना तिर्ने अवस्था आउँछ, त्यसैले लेखा प्रणालीबारे व्यवसायी सचेत हुनुपर्छ ।'लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका सिनियर डिभिजन इञ्जिनियर अमित आचार्यले विशुद्ध उद्यमशीलता सिकाउन भएको बताउँदै शैद्धान्तिक कुरा बुझेर काम गर्दा राम्रो परिणाम निस्कने बताए । पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव केशवबहादुर खत्रीले सोमबारबाट सुरु भउको २ दिने तालिमको भरपुर उपयोग गर्न सहभागीहरुलाई आग्रह गरे ।

# देवशिल्पी सहकारीको साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

देवशिल्पी बचत तथा ऋण सहकारी संस्थाको बाह्रौं वार्षिक साधारणसभा कार्यक्रम अध्यक्ष चन्द्रकिशोर गौतमको अध्यक्षता तथा गण्डकी प्रदेशका आन्तरिक मामिला मन्त्री माननीय डोबाटे विश्वकर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।



उक्त कार्यक्रममा सहकारीमा लामो समय योगदान दिएका र समाज सेवामा योगदान दिएका पोखरा १० रामबजार निवासी जंगविर विश्वकर्मा पोखरा १५ निवासी डबल बहादुर विश्वकर्मालाई मन्त्री विश्वकर्माले सम्मान गर्नुभएको थियो । त्यसैगरी सहकारीका संस्थापक भएर विभिन्न पदमा रही काम गरेका उदाहरणीय महिला जौमाया विश्वकर्मालाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि मन्त्री डोबाटे विश्वकर्माले सहकारीका माध्यमबाट यस क्षेत्रका सिल्पकारीहरुलाई समेटेर उनीहरुको जीवनस्तरमा सहज पुऱ्याएकोमा यसका संचालकलाई धन्यवाद दिनुभएको थियो । सरकारले लिएको नीति तथा कार्यक्रमका आधारमा काम गर्नुपर्ने र यसले सहकारी उपभोक्ता संचालक सबैलाई राम्रो हुन्छ, विशेषगरी प्रदेश सरकारले जीवनरक्षा कोष संचालन गरेको बताउँदै यसमा व्यक्तिगत रुपमा र शिल्पकारीहरुलाई लाभदायक लगानी भएको र व्यक्तिलाई बैंक मार्फत १ लाखदेखि १५ लाखसम्म ऋण प्रदान गरिने व्यवस्था मिलाएको र यसको ब्याज समेत सरकारले तिरिदिने बताउनुभयो । साधारणसभामा अतिथि रनबहादुर विश्वकर्माले सहकारीले शेयर सदस्यहरुलाई मुनाफा मात्रै होइन मुनाफासँगै समाज सेवा र सकारीमा लागेका व्यक्तिहरुलाई सम्मान गरेर राम्रो सन्देश दिएको बताउनुभयो । त्यसैगरी ऋषिराम विश्वकर्माले सहकारी स्थापना र यसको यात्रा साह्रै गाह्रो भएको अनुभव राख्दै अबको यात्रा सहज भएको र अझै धेरै मिहिनेत गर्नुपर्ने बताउनुभयो । अतिथि किरण प्रसाद भट्टचनले हिजो सहकारीका बचत सदस्य मात्रै थिए अहिले यस सहकारीमा शेयर नै लगानी गर्न पाएकोमा खुसी लागेको र सहकारीलाई आवश्यक हरेक सहयोग गर्ने बताउनुभयो । सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरुबाट राम्रो बचत गर्ने, निरन्तर बचत गर्ने २ जना मिना सुनार र सेती गिरीलाई उत्कृष्ट बचतकर्ताको रुपमा सम्मान गरेको थियो भने असल ऋणीको रुपमा तिलबहादुर सुनारलाई सम्मान गरेको थियो । सहकारी स्थापनादेखि समाजसेवामा केही टेवा पुऱ्याउँदै आएको कुरा राख्दै कार्यक्रमका अध्यक्ष चन्द्रकिशोर गौतमले हिजोको कठिन परिस्थितिलाई पार गर्दै कोभिड १९ को कारण धेरै सदस्य संक्रमित हुनुभएकोमा सम्भव भएका सदस्यहरुलाई आर्थिक सहयोग गरिएको बताउनुभयो । उहाँले कोभिडका कारणले लामो समय बन्दाबन्दी भएको र आम्दानी गर्ने पेशा व्यवसाय बन्द भएकोले कर्जावाला व्यक्तिहरुको ब्याजमा मिनाहा दिएको र किस्ता समय थप गरेर ऋणीहरुलाई सहुलियत प्रदान गरेको बताउँदै यस वर्ष सहकारी संचालनमा बाधा पर्ने स्थिति भए पनि सबैको सहयोगले स्थिति विग्रन नपाएको बताउनुभयो । उहाँले सहयोगी सबैलाई धन्यवाद समेत दिनुभयो । सहकारीले आगामी दिनमा थप सदस्यहरुलाई सेवा दिने गरी सेवा क्षेत्र बृद्धि गरेको कारण थप रोजगारीको सृजन ागर्ने गरी योजना बनाएको बताउनुभयो । राज्यका विभिन्न कोषहरुको सदुपयोग गर्न माग गर्दै सकारीबाट नै राज्यको आर्थिक अवस्थामा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा अतिथि गणेश बराइली, होमबहादुर विश्वकर्मा, भिमसेन शाह, लालसिंह घताने लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियोउ । कार्यक्रममा वार्षिक प्रगति प्रतिवेदन सचिव टंक सुनार, लेखापरीक्षण प्रतिवेदन कोषाध्यक्ष कमल सुनार, आन्तरिक लेखासुपरीवेक्षण प्रतिवेदन रामलाल विश्वकर्माले प्रस्तुत गरी छलफल सहित पारित गरिएको थियो । कार्यक्रमको संचालन टंक सुनारले गर्नुभएको थियो ।

कार्यक्रममा उपाध्यक्ष एवं कार्यक्रम संयोजक खड्क बहादुर सुनारले सम्पूर्ण अतिथि, प्रमुख अतिथि लगायतलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएकोमा कर्मचारी वर्ग सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# बसपानी कृषि सहकारीको अध्यक्षमा पुनः नमराज

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखरा २२ पुम्दी भुम्दीमा रहेको बास्पानी कृषि सहकारी संस्थाको अध्यक्षमा पुनः नमराज बराल चयन भएका छन्। संस्थाको हालै सम्पन्न भएको ९ औं बार्षिक साधारण सभा तथा चौथो अधिवेशनले बरालको अध्यक्षतामा आगामी ४ बर्षीय कार्यकालको लागि चयन गरेको हो ।

संस्थाको उपाध्यक्षमा देविराज बराल, सचिवमा कलमनाथ बराल, सहसचिवमा गंगाराम बराल, कोषाध्यक्षमा मुनाकुमारी बराल, सदस्यमा उजेली बराल, सरिता बराल, अन्नत बराल र हरि प्रसाद बराल रहेका छन्। उनीहरु पुनः दोश्रो कार्यकालको लागि चयन भएको शिक्षा उपसमितिका सदस्य अमिर बरालले बताए । लेखा समिति संयोजकमा पुनः तारानाथ बराल, शिक्षा उपसमिति संयोजकमा भने शिवलाल बराल चयन भएका छन् । यसैबिच उक्त सहकारीको एक समारोहका बिच गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले उद्घाटन गर्दै कृषि सहकारीले माटो सुहाउदो कम्तिमा केही किसानहरुलाई उत्पादनमा प्रोत्साहन हुने सहितका कार्यक्रम लैजानु पर्नेमा जोड दिए । पर्यटनको उतिकै सम्भावना रहेको पुम्दी भुम्दीमा कृषि पर्यटनको समेत उत्तिकै सम्भावना भएकोले सहकारीले त्यस तर्फ बढी ध्यान केन्द्रित गर्न मन्त्री बरालको भनाई थियो ।

बचत तथा ऋण सहकारीहरुले भने उद्योग र व्यवसाय संचालनको लागि आवश्यक भएको मन्त्री बराले जनाए । अधिकांश सहकारीले पैसाको कारोवार गरी शेयरधनिलाई मुनाफा वितरण गर्ने गरेको उनको दाबी थियो । बचत तथा ऋण सहकारी, उत्पादन सहकारी र उपभोग सहकारी गरी मुख्य रुपमा तीन मोडलमा सहकारी संचालन गर्ने गरेको भए पनि सहकारीको सिद्धान्त अनुसार अझै सहकारीहरु चल्न नसकेको मन्त्री बरालले बताए । आगामी दीनमा कृषि सहकारीहरुले कृषि प्रबर्द्धन गर्न बाख्रापालन, कुखुरा पालन, फलफुल तरकारी, खाद्यन्न उत्पादन तथा कुटिर उद्योगमा लगानी गरी युवाहरुलाई प्रोत्साहन गर्नुपर्ने उनको जोड थियो । उक्त अवसरमा संस्थाका संस्थापक उपाध्यक्ष स्व.कृष्णप्रसाद बराललालाई मरणोपरान्त सम्मानबाट सम्मान गरिएको छ । स्थापनाकाल देखि संस्थाको बृद्धि विकासमा उल्लेखनिय योगदान दिएको भन्दै सवारी दुर्घटनामा परी निधन भएका बराललाई सम्मान गरिएको हो । उनकी माता रामकली बराललाई प्रमुख अतिथी मन्त्री बराल, संस्थाका अध्यक्ष बराल सहितले सम्मान पत्रको सादमा दोसल्ला ओढायर सम्मान गरेका हुन्। उक्त अवसरमा संस्थाले रामकली खड्कालाई ज्येष्ठ शेयर सदस्यबाट समेत सम्मान गरेको छ ।

कार्यक्रममा निर्माण व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष एवं संस्थाका सल्लाहकार टंकराज बराल, सल्लाहकार हिमलाल बराल, निवर्तमान अध्यक्ष रमेश बराल लगायतले वोलेका थिए ।

२०६७ सालमा ३४ शेयर सदस्यबाट सुरु भएको सहकारीमा हाल १ सय ५१ शेयर सदस्य पुगेको छ । संस्थाको शेयर पुंजिं ८७ लाख ५० हजार रहेको छ भने आर्थिक बर्ष २०७७/०७८ को अन्त्यसम्म १ करोड १० लाख ऋण लगानी गरेको संस्थाले जनाएको छ ।

# पृथ्वीजयन्ती मनाइँदै

रासस
काठमाडौं, २६ पुस

प्रत्येक वर्ष पुस २७ गते मनाइने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती मंगलबार विविध कार्यक्रम आयोजना गरी देशभर मनाइँदैछ । यस वर्ष पृथ्वीनारायणको ३००औँ जन्मजयन्ती मनाइँदैछ । विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीका कोखबाट पृथ्वीनारायण शाहको जन्म भएको थियो ।

विसं १७९९ चैत २५ गते पृथ्वीनारायण राजा हुनुभएको थियो । त्यसअघि नेपाल ५२ राज्यमा विभाजित थियो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार गर्न उहाँ सफल हुनुभएको थियो । पृथ्वीनारायणको शेषपछि उहाँका उत्तराधिकारीले पश्चिममा किल्ला काँगडासम्म नेपाल राज्यलाई विस्तार गरेको इतिहास छ ।


## Vacancy Announcement

Vacancy Notice No.: GPH-EVA-13-2078-79

INTERNATIONAL NEPAL FELLOWSHIP

**International Nepal Fellowship (Nepal)** is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pasture Hospital (GPH), Pokhara serving peoples with specialized treatment and rehabilitation services in leprosy, spinal cord injuries & other neglected trauma, ear care and palliative care is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

**1. Position: Staff Nurse    Required Number: 2    Location: GPH , Pokhara**

**Purpose of the Job:**
The job holder promotes and restores patients' health by completing the nursing process; collaborating with physicians and multidisciplinary team members; providing physical and psychological support to patients, friends, and families and supervising assigned team members in GPH.

**Required Qualifications, Skills and knowledge:**
- Proficiency level certificate in nursing and registered with Nepal Nursing Council with minimum one year of relevant work experience.
- Good interpersonal skills, patience, empathy and ability to motivate and encourage people.

All eligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on given email address by **20th January 2022.**

**INF Nepal, Pokhara**
**Email: recruitment@nepal.inf.org**

Only shortlisted candidates will be invited to participate in further assessment and selection process.
**INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups**

***INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.***

## Pokhara Metropolitan City
## Office of Municipal Executive
**Newroad, Pokhara**

## Invitation for Bids

**IFB No: 29/PMC/078-079**
**(First Date of publication: 2078/09/27)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids forNCB Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 80/PMC/NCB/W/ 078-079 | Upgrading of Ram Marga to Gandaki Hospital (Shiva Marga), PMC-10 | 3,000.00 | 75,000.00 | 25,93,257.40 | 120 days |
| 2 | 81/PMC/NCB/W/ 078-079 | Nayagalli-Ward Office-Bagbazar Chowk-Taxi Chowk Resealing Works, PMC-01 | 3,000.00 | 75,000.00 | 26,58,697.35 | 120 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 01/25/2022 | 13:00 | 02/09/2022 | 17:00 | 02/10/2022 | 12:00 | 02/10/2022 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is black listed according to PPA will be in eligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO'swebsite.

**Chief Administrative Officer**